# Project Tecnical Report

| | |
|---|---|
| **Project Title:** | म्याग्दी जिल्लाका कृषकहरुको आम्दानी वृद्धिकालागि तरकारी खेती प्रवर्द्धन |
| **Project No. :** | **414/2063/2064** |
| Project Coordinator | नवराज रिजाल |
| Address | ठानामौला-९, पर्वत |
| Telephone | 067-420419, 9847634497 |
| Fax | 067-420206 |
| Email | sordec@ntc.net.np, info@sordec.org.np |
| Collaboration/Partners | DADO-Maygdi, LDF |
| Duration of Project | २०६४ साल श्रावण १ गते देखि २०६६ साल फाल्गुण मसान्त सम्म |
| Project Cost | **Rs.**१९,९९,८७२।- |
| Location of Project | म्याग्दी जिल्लाका कृषकहरुको आम्दानी वृद्धिका लागि व्यवशायिक तरकारी खेती प्रवर्द्धन |

## आयोजनाको परिचय तथा सारांश :

नेपालको पश्चिमाञ्चलको धौलागिरी अञ्चलमा पर्ने विकासमा पछि परेको जनजातीको वाहुल्यता भएको पहाडी जिल्ला म्याग्दी हो । यस जिल्ला समुद्री सतह देखि ७९२ मिटर देखि ८१६७ मिटर उचाईमा पूर्व-पश्चिम भएर फैलिएको छ । नेपाल मानव सशक्तिकरण सुचाङ्कमा यस जिल्ला ५१ औं स्थानमा पर्दछ । यहांका ८५.०८ प्रतिशत वासिन्दाको मूख्य पेशा कृषि हो । यस जिल्लाको कुल २,२९,७०० हेक्टर जमिन मध्ये खेती योग्य जमिन ३०,८५६ हेक्टर रहेकोमा ३,७३५ हेक्टर खेत र १५,७६३ हेक्टर पाखो वारी तथा वांकी जमिन चरी चरण तथा वन जंगल र खोलानाला रहेको छ । म्याग्दी जिल्लामा ४२५ हेक्टरमा ४५०१ मे.ट/वार्षिक तरकारी उत्पादन हुने गरेको २०६३ सालको तथ्याङ्क छ यो जिल्लाको आवश्यकताको तुलनामा साह्रै न्यून परिमाण हो ।

आयोजनाको कार्यक्षेत्रमा व्यवशायिक ताजा तरकारी खेतीको क्षेत्र, उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने, व्यवशायिक ताजा तरकारी उत्पादक कृषक र तरकारी व्यापारीको सुमधुर सम्वन्ध स्थापित भै तरकारी वजार व्यवस्थापनमा संस्थागत विकास र दिगो रुपमा व्यवशायिक ताजा तरकारी उत्पादनको क्षेत्र विस्तार गरी ताजा तरकारी उत्पादन वृद्धिद्धारा कृषकहरुको आम्दानीमा वृद्धि गर्ने यो परियोजनाको मुख्य उद्देश्य रहेको छ। उक्त आवश्यकता तथा उद्देश्यलाई पुरा गर्ने आशा लिएर राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषमा यस संस्थाद्धारा पेश गरिएको परियोजना प्रस्ताव उक्त कोषवाट स्विकृत भै मिति २०६४/०३/२८ गते सम्झौता भई २०६४ साल श्रावण १ गतेवाट कार्यक्रम संचालन भएको थियो ।

म्याग्दी जिल्लामा अधिकांश तरकारी पोखरा तथा तराईवाट आई विक्रि वितरण हुने गरेकोले म्याग्दी वासीहरुलाई ताजा तरकारी उपभोग गर्ने अवसर प्रदान गर्ने र थोरै जमिन भएका तरकारी खेती गरी आम्दानी वृद्धि गर्न ईच्छुक कृषकहरुलाई कार्यक्रममा आवद्ध गरी व्यवशायिक ताजा तरकारी खेती प्रवर्द्धन प्रविधिको विस्तार गरी तरकारी उत्पादन तथा विक्रि वितरण गर्न सहयोग पुऱ्याउने हेतुले यो परियोजना संचालन भएको हो । परियोजनामा सहभागी कृषकहरुको जिविकोपार्जनमा सुधार ल्याउन ताजा तरकारी उत्पादन वृद्धिद्धारा कृषकहरुको आम्दानीमा वृद्धि गर्ने यस परियोजनाको मुख्य उदेश्य रहेको हुनाले ताजा तरकारी खेती गरी आम्दानी वृद्धि गर्न ईच्छुक कृषकहरु मात्र आयोजनामा आवद्ध भएका थिए । यो आयोजनाको कार्यान्वयनकालागि

जिल्ला कृषि विकास कार्यालय म्याग्दी तथा कृषि सेवा केन्द्र वावियाचौर र घतानको प्राविधिक सहयोग र जिविस स्थानीय विकास कोष, सामुदायिक विकास कोष वावियाचौर, घतानको सहकार्य र गाविस वावियाचौर तथा घतानको साझेदारीमा सम्पन्न भएको हो ।

**व्यवसायिक तरकारी खेती आयोजना अन्तरगत गठित तरकारी उत्पादन समुहहरुको संक्षिप्त विवरण**

| समुहको नाम | गा.वि.स. | महिला | पुरुष | जम्मा सदस्य |
|---|---|---|---|---|
| सिमलचौर तरकारी समुह | वावियाचौर | ९ | १३ | २२ |
| लगनशिल तरकारी समुह | वावियाचौर | १३ | ९ | २२ |
| वावियाचौर तरकारी समुह | वावियाचौर | ८ | १२ | २० |
| नमुना तरकारी समुह | अर्मन | १७ | ३ | २० |
| दुखुखोला तरकारी समुह | दरवाङ | १४ | ६ | २० |
| जनचेतना तरकारी समुह | घतान | १० | ८ | १८ |
| हरीयाली तरकारी समुह | घतान | ७ | १३ | २० |
| अर्गानिक तरकारी समुह | पाल्लेखेत | ६ | १६ | २२ |
| **जम्मा** | ८ वटा | **८४** | **८०** | **१६४** |

यस परियोजनाले म्याग्दी जिल्लाका ५ गा.वि.स.का १६४ घर परिवार यस परियोजनामा प्रत्यक्ष संलग्न रहेका छन । ८४ महिला र ८० पुरुष कृषकहरु ८ वटा समुहमा संगठित भई समुहको सल्लाह एवं कार्य योजना वनाई तरकारी खेती गर्न सुरु भएको छ । जस्ले गर्दा वजारमो माग अनुसार तरकारी उत्पादन हुन सुरु भएको छ । यस परियोजनावाट परियोजनामा सहभागी कृषकहरु वाहेक वरपरका २७० घरपरिवारका कृषकहरु देखासिकी गरी उक्त प्रविधिको अनुसरण गरेर लाभान्वित भएका छन । नियमित तरकारी खेती नलगाउने घरपरिवारले उत्पादित ताजा तरकारी उपभोग गरेर लाभान्वित भएका छन ।

यस परियोजनामा भएको उपलव्धीलाई स्थानीय FM, पत्रकारहरुको फिल्ड अवलोकन, गाविस तथा जिल्ला स्तरमा हुने सभा, छलफल, मेला, प्रर्दशनीहरुमा सहभागी भै प्रचार प्रसार गर्ने र गराउने गरिएको छ यो प्रविधिको वारेमा सुनेर वुझेर अनुसरण गरेर समेत लाभान्वित भएका छन । यस आयोजना २०६६ साल फाल्गुण मसान्तमा सम्पन्न भै आयोजनाको जिल्ला स्तरीय अन्तिम समिक्षा तथा मूल्याङ्कन २०६६ साल चैत्र ३ गते जिविस म्याग्दीको सभाहलमा सम्पन्न गरी यो सम्पन्न प्रतिवेदन तथा अन्तिम मूल्याङ्कन प्रतिवेदन तयार गरिएको हो ।

क्रियाकलाप कार्यान्वयनको तरिका तथा सामाग्री

### १.१.१ अभिमुखिकरण गोष्ठि

जिल्ला, गाविस र वस्ति स्तरमा कार्यक्रमको वारेमा जानाकारी गराउदै र विभिन्न कार्यालयवाट उपलव्ध हुन सक्ने सहयोग र समन्वयका वारेमा छलफल गरियो साथै कार्यक्रमले प्राप्त गर्न खोजेको उपलव्धी र सो का लागि गरिने क्रियाकलापका वारेमा सरोकारवालाहरुलाई जानाकारी दिईएको थियो ।



### १.१.२ क्षेत्र छनौट तथा समुह गठन

छनौट गरिएका गाविसमा गाविस स्तरिय जानाकारी छलफल गरी तरकारी खेती उत्पादन हुन सक्ने क्षेत्रको पहिचान गरियो । अर्मनको पोका र वावियाचौरको रणमाङ, लामपाटा , लरेनी, सल्यान, भाईवाङ र डढुवा, घतानको जर्मेनी, नेप्टेचौर, तोरीपानी तथा पात्ले खेत मुख्य तरकारी उत्पादनको पेकेट क्षेत्र छनौट भएको हो । व्यवशायिक ताजा तरकारी उत्पादन गर्न इच्छुक कृषकहरुलाई २० जना सम्मको समुह गठन गरियो । कृषकहरु कुनै कृषक समुहमा आवद्ध भएको भए उक्त समुहलाई नै सशक्तिकरण गर्ने गरी सोहि समुहमा काम गरिएको थियो ।



### १.१.३ सहभागितात्मक योजना तर्जुमा तथा आधारभूत तथ्याङ्क संकलन

आयोजनामा संलग्न कृषकहरुको कार्यक्रम संचालन हुने कृषक समुह तथा संलग्न हुने कृषकको यथार्थ जानाकारी (आधारभूत तथ्याङ्क) संकलन गरि वर्तमान अवस्था पहिचान गरि कृयाकलाप कार्यान्वयन गरियो जसले गर्दा अनुगमन तथा मुल्याङ्कन गर्न सजिलो भयो

### १.१.४ गोठेमल सुधार/कम्पोष्टमल निर्माण तथा जैविक विषादी प्रवर्द्धन :

रासायनिक मल तथा विषादीको प्रयोगमा न्युनिकरण गर्दै रसायन रहित ताजा तरकारी उत्पादन वृद्धिका लागि समुह कृषकलाई गोठेमल सुधार, गंहुतको सदुप्रयोग, कम्पोष्टमल निर्माण र जैविक विषादी निर्माण तथा प्रयोग सम्वन्धी घरगोठमा नै प्रयोगात्मक अभ्यास सहितको तालिम दिईयो ।



गोठेमल व्यवस्थापन तालिम र कालो प्लास्टिकको प्रयोगद्धारा छिटो मल वनाउने प्रविधि



### १.१.५ प्लास्टिक हाउसमा कांका तथा गोलभेंडा खेती उत्पादन नमुना प्रदर्शन :

वेमौषमी कांका तथा गोलभेंडा खेती प्रवर्द्धनका लागि प्लास्टिक हाउसमा खेती गर्ने तरिका सम्वन्धी ३ दिने तालिम कार्यक्षेत्रको वावियाचौरमा दिईयो । तालिममा सहभागी कृषकहरुले प्लास्टिक हाउसमा गोलभेंडा खेती गर्ने टनेल वनाउने नमुना प्रदर्शन गरेका

थिए । उक्त तालिमका लागि जिल्ला कृषि विकास कार्यालयको प्राविधिक सहयोग र जिल्ला कृषि विकास कार्यालय वाग्लुङ्गका वरिष्ठ कृषि विकास अधिकृत कृष्ण वहादुर कडायतको सहजीकरणमा संचालन भएको थियो ।



प्लास्टिक टनेलमा वेमौषमी तरकारी खेती उत्पादन तालिमको झलक म्याग्दी जिल्ला वावियाचौर गाविस



प्लाारिटक टनेलमा गोलभेंडा खेती प्रविधि विस्तार नमुना प्रर्दशन



### १.२.१ व्यवशायिक ताजा तरकारी उत्पादन फिल्ड अभ्यास/तालिम

परियोजनामा सहभागी कृषक समुहमा मौसमी तथा बेमौसमी काउली, बन्दा, गोलभेंडा, काक्रा, करेला, सिमि, जागर, केराउ, मूला, प्याज र मसलाजन्य वालीको उन्नत तरिकाद्धारा नर्सरी राख्ने, वाली लगाउने, उत्पादन, रोग किरा नियन्त्रण, भण्डारण र वजार व्यवस्थापन सम्वन्धी व्यवहारिक तालिम कृषकको खेतवारीमा नै प्रयोगात्मक रुपमा फिल्ड अभ्यासको रुपमा संचालन गरियो । हिंउदमा बांझो रहने जमिनमा सो जग्गाको सदुप्रयोग गर्दै मसला जन्य तरकारी (प्याज, लसुन, धनिया,.....) तथा हरियो मलको प्रयोग गरी आलु लगाउने प्रयोगात्मक अभ्यासमा सहयोग पुगेको थियो । फिल्ड अभ्यास तालिममा कृषि सेवा केन्द्रका प्राविधिक, जिल्ला कृषि विकास कार्यालयका प्राविधिक, अधिकृत र संस्थाका सामाजिक परिचालकद्धारा सहयोग पुऱ्याईएको थियो ।





### १.२.२ तरकारी उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि वैकल्पिक सिंचाई

सिंचाईको अभाव रहेका क्षेत्रमा जुढ्याल्नो मर्मतद्धारा पानी संकलन, पाईपद्धारा सुक्ष्म सिंचाई व्यवस्थापनमा वाह्रय सामाग्रीका लागि सहयोग पुऱ्याईएको थियो । कृषकले स्थानीय सामाग्री र जनश्रमदानमा प्रत्यक्ष योगदान गरेका थिए । उक्त सिंचाई नमुना विस्तार गर्न कृषक समुहको अगुवाईमा अन्य सहयोगी निकाय र गाँउ परिषदमा वजेट विनियोजनका लागि योजना अगाडी वढाई श्रोत व्यवस्थापन गरेका थिए ।



### १.२.३ विउ कोष स्थापना र व्यवस्थापन

दिगो/निरन्तर रुपमा उन्नत वीउको व्यवस्थापन भैरहने गरि कृषकहरुको प्रयास र साझेदारीमा विउ कोष स्थापना भएको छ उक्त कोष घुम्तिकोषको रुपमा कृषकहरु विच तरकारी वीउ खरिदकोलागि परिचालन भएको छ । विउकोषमा गा.वि.स.वाट समेत श्रोत उपलव्ध गराउन पहल भई रहेको छ ।



### १.२.४. अनुगमन, मुल्याङ्कन र प्राविधिक सहयोग

कृषकहरुद्धारा स्व.अनुगमन, संस्थाका कर्मचारीद्धारा नियमित Follow up, र जिल्ला कृषि विकास कार्यालय म्याग्दी तथा कृषि सेवा केन्द्रद्धारा प्राविधिक सहयोग हुने गरी अनुगमन नियमित रुपमा गरिएको थियो । चौमासिक रुपमा कृषकको खेतवारीमा नै गएर अनुगमन गरी उक्त अनुगमन गर्दा देखिएका कमि कम्जोरी सुधार गर्न कृषक तथा संस्थाका फिल्ड कर्मचारीलाई सुझाव सल्लाह दिईएको थियो ।



आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्दै संस्थाका प्राविधिक



### २.१.१ कृषक तथा व्यापारीहरुको अन्तरक्रिया

कृषक तथा तरकारी व्यापारीहरु विच अन्तरक्रियाको आयोजना गरियो जस्ले गर्दा कृषक र व्यापारीको सम्वन्ध सुमधुर भै तरकारी खरिद तथा वेच विखनमा सहजता आएको छ भने व्यापारीको मागका आधारमा कृषकले तरकारी उत्पादन गर्ने वानीको विकास भएको छ । जिल्ला कृषि विकास कार्यालयका प्राविधिक, संस्थाका कर्मचारी, व्यापारी, स्थानीय विकास कोष, गा.वि.स. र कृषकहरुको सहभागीतामा तरकारी उत्पादन हुने स्थान र विकि हुने ठाउँमा छलफल तथा अन्तरक्रिया गरियो ।



### २.१.२ तरकारी संकलन केन्द्र निर्माण तथा व्यवस्थापन

कार्यक्षेत्रको तोरीपानीमा तरकारी संकलन केन्द्र भवन निर्माण जिल्ला कृषि विकास कार्यालयको सहयोगमा वनेको छ उक्त संकलन केन्द्रमा क्रेट वितरण गरियो भने वावियाचौरमा तरकारी संकलन गरी वेनी वजार पठाउने व्यवस्थाको लागि कृषक

समुहलार्य आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याई उक्त कृषक समुहले सो संकलन केन्द्र व्यवस्थापन गरेका छन । जिल्ला सदरमुकाम वेनीमा जिल्ला कृषि विकास कार्यालय, जिविस, म्याग्दी उद्योग वाणिज्य संघको साझेदारीमा कृषि उपज संकलन तथा विक्रि केन्द्र भवन निर्माण भई कार्यक्षेत्र तोरीपानी, वावियाचौरवाट तरकारी आई विक्रि वितरण भएको छ ।

### ३.१.१ कृषक देखि किसान सम्म प्रविधि विस्तार

परियोजनामा संलग्न अनुभवी कृषकहरुलाई आफुले सिकेको, जानेको, प्रयोग गरेर सफल भएको प्रविधि परियोजना क्षेत्रका तर आयोजनामा संलग्न नभएका ५ कृषक समुहहरुमा सिकाई प्रविधिको विस्तार गर्ने गरी १/१ दिनको अनुभव आदान प्रदान कार्यक्रम संचालन गरियो । जसले कृषकको क्षमता अभिवृद्धि हुनुको साथै सिकाई प्रक्रियामा समेत सहज वातावरण वनेको थियो ।



### ३.१.२ जिल्ला स्तरिय समिक्षा :

कृषक, गाविस सचिव, विषयगत कार्यालय, जिल्ला कृषि विकास कार्यालय, व्यापारी, गैर सरकारी संस्थाको सहभागितामा हरेक वर्ष जिल्ला स्तरमा कार्यक्रम समिक्षा तथा कार्ययोजना तयार र समन्वय वैठक आयोजना गरियो । जिल्ला विकास समिति म्याग्दीको सभा हलमा गरिएको समिक्षा वैठकमा कृषक समुहवाट आआफ्नो समुहमा भएका काम र उपलव्धीहरुको प्रस्तुती तथा संस्थाद्धारा वार्षिक प्रगती प्रतिवेदनको प्रस्तुती गरी सो उपर छलफल गरी भएका कमि कम्जोरीलाई आत्मसाथ गर्दै आगामी वर्ष नदोहोरिने गरी आगामी वर्षको कार्ययोजना, कार्यान्वयन, समन्वय र सहकार्यका क्षेत्रमा छलफल हुने गरेको थियो । गत वर्षमा भएका उपलव्धी तथा प्राप्त निर्दिष्ट सिकाईहरुको अनुभव आदान प्रदान गरिने छ । जसले गर्दा कृषकहरुले गरेको उपलव्धीहरुको विषयगत कार्यालय, स्थानीय निकाय र एक कृषक समुहले गरेको प्रविधि, उपलव्धी अर्को क्षेत्रका कृषकलाई जानाकारी हुने गरेको छ । कृषकहरुको क्षमता विकास भै विषयगत कार्यालयमा प्राविधिक तथा योजनाका लागि गर्नु पर्ने मागको तरिका र समयको वारेमा जानाकारी भएको थियो ।

### ३.१.३ वुलेटिन प्रकाशन र रेडियो कार्यक्रम

तरकारीको उत्पादन, वजार व्यवस्थापन, कृषकले गरेका उपलव्धी, नयां सिकाई आदीलाई समेटेर वुलेटिन प्रकाशन गरियो । तरकारी खेतीमा भएको उपलव्धीहरुलाई स्थानीय **म्याग्दी FM १०४.४ मेघाहज**वाट नियमित रुपमा कार्यक्रमको उपलव्धीको प्रचार प्रसार भएको छ । कृषकको उपलव्धी, सिकाई, सरोकारवालाले खेलेको भूमिका आगामी कार्ययोजनाका वारेमा कृषकहरुलाई रेडियोवाट समेत जानाकारी भएको वार्षिक समिक्षा वैठकमा कृषकहरुले वताएका थिए ।

### ३.१.४ कृषक दिवस

कृषकले प्राप्त गरेका उपलव्धीहरुको प्रचार प्रसार तथा अवलोकनका लागि वावियाचौरमा ३ वटा गाविसको सहभागितामा र म्याग्दी महोत्सवको अवसरमा जिल्ला कृषि विकास कार्यालयको सहकार्यमा कृषी प्रदर्शनी गरी कृषक दिवश मनाउने कार्य भयो जसको अवलोकन १०औं हजार जनाले गरेका थिए ।




### ३.१.५ परियोजनाको अन्तिम समिक्षा तथा मुल्याङ्कन :

परियोजनामा संचालन गरिएका क्रियाकलाप, प्रविधी, परियोजनावाट प्राप्त उपलव्धी, कार्यक्रम संचालन गर्दा भएका सिकाईहरुको वारेमा परियोजनाको अन्तिम समिक्षा तथा मूल्याङ्कन गाविस स्तरमा १/१ दिन सम्पन्न गरी जिल्ला स्तरीय कार्यक्रम मिति २०६६ साल चैत्र ३ गते जिल्ला विकास समिति म्याग्दीको सभा हलमा गरियो । कृषक समुहका १ जना महिला कृषक/१ जना पुरुष कृषक, स्थानीय विकास अधिकारी, वरिष्ठ कृषि विकास अधिकृत, पत्रकार, विषयगत कार्यालयका प्रतिनिधि, संस्थाका प्रतिनिधि, सामुदायिक विकास कोषका अध्यक्ष लगायतको सहभागिता रहेको थियो । कार्यक्रममा आयोजनाको अन्तिम उपलव्धी तथा सिकाई प्रस्तुत भएको थियो भने आयोजनाको अवधीमा तयार गरिएको भिडियो डकुमेन्टी समेत प्रस्तुत गरिएको थियो । कृषक समुहको उपलव्धी, सिकाई कृषकहरुवाट सुनाउने काम भएको थियो । सो अवसरमा ३ वर्ष सम्म सक्रिय रुपले सिकाई प्रकृयामा सहभागि हुने कृषकहरुलाई प्रमाण पत्र र आयोजनामा सहयोग पुऱ्याउने प्राविधिकहरुलाई कदर पत्र दिईएको थियो ।

नतिजा तथा छलफल उपलब्धी :

- परियोजना संचालन भएको यस जिल्लामा परियोजना सुरु हुन पूर्व ५१६ हेक्टरमा ६०७० मे.ट. वार्षिक तरकारी उत्पादन हुने गरेको थियो अहिले यस जिल्लामा ६४० हे. रोपनी जग्गामा वार्षिक ७५००.८० मे.टन तरकारी फल्ने गरेको छ (*वा.कृ.वि.का.तथ्याक पुस्तिका म्याग्दी, ०६५*) ।
- हिंउदमा वांजो रहने जमिनको सदुपयोग गर्दै तरकारी खेती गरी थप आम्दानी गर्ने र समयको सदुपयोग गर्ने वानीको विकास भएको छ ।



- कृषकहरुको व्यवहारिक ज्ञान सीपमा वृद्धि भएको छ ।



- परियोजनामा संलग्न कृषकको प्रति परिवार सरदर वार्षिक रु.१८,३०६ पैसा आम्दानी गरेका छन ।
- वेमौषमी रुपमा प्लास्टिक टनेलमा गोलभेंडा तथा कांक्रा खेती गर्ने प्रविधिको ज्ञान सीप प्राप्त गरी ४८ जना कृषकले प्लास्टिक हाउसमा गोलभेंडा खेती गरी सरदर प्रतिपरिवार वार्षिक रु.२७,३००।- थप आम्दानी गरेका छन ।



- कार्य क्षेत्रका प्रत्यक्ष सहभागी १६२ घरपरिवार र वरपरका २७० घर परिवारले आफ्नो घरमा किनेर खाने तरकारीमा वचत गरी वार्षिक प्रति परिवार सरदर रु.६,४७५।- वंचाएका छन ।



- परियोजनामा संलग्न म्याग्दी जिल्लाका ४ गा.वि.स.का १६४ जना कृषकहरुले मौषमी तथा वेमौषमी तरकारी खेती काउली, वन्दा, सिमी, कांक्रा, गाजर, मूला, प्लास्टिक टनेलमा गोलभेंडा खेती मौषमी तथा वेमौषमी रुपमा वर्ष भरि नै उत्पादन गर्न सुरु गरेका छन ।



- जिल्ला कृषि विकास कार्यालय, कृषि सेवा केन्द्रहरुसंगको साझेदारी र गाविस, सामुदायिक विकास कोषको सहकार्यमा भकारो सुधार, प्लास्टिक टनेलमा गोलभेंडा खेती प्रवर्द्धन जस्ता क्रियाकलापहरु साझेदारीमा सम्पन्न भै धेरै कृषकहरु लाभान्वित भएका छन ।



- परियोजना क्षेत्रमा तरकारी खेतीको क्षेत्रफल विस्तार भएको छ । परियोजनामा सहभागी कृषकहरु मौषमी तथा वेमौषमी तरकारी खेती लगाउने, रोगकिरा व्यवस्थापन सम्वन्धी ज्ञान हांसिल गरी तरकारी उत्पादन गरेका छन ।
- कार्यक्षेत्रमा तरकारी खेती गर्ने कृषकहरुको संख्या वृद्धि भएको छ भने तरकारी खेतीको क्षेत्र समेत विस्तार भएको छ ।
- गोठेमल व्यवस्थापन तथा गंहुतको सदुपयोग र जैविक विषादीको प्रयोगले माटोको उर्वराशक्तिमा वृद्धि भएको छ भने वातावरण सन्तुलन र मानव स्वास्थ्यमा समेत सकरात्मक प्रभाव पारेको छ ।





- घरको चुलो चौकामा मात्र रुमलिने महिलाहरु अहिले तरकारी खेती गरी वार्षिक १६,४०० देखि ७८,७०० सम्म आम्दानी गरी घरखर्च चलाएका छन भने विदेशमा रहेर काम गर्ने श्रीमानलाई समेत गाउंमा वसी आम्दानी गरी स्वरोजगारको सृजना भएको जानाकारी दिएका छन जसले गर्दा चुरा पोते लगाउन समेत श्रीमानसंग पैसा माग्ने महिलाहरु आत्मनिर्भर भएका छन ।



व्यवशायिक तरकारी खेती प्रवर्द्धनद्धारा आम्दानी वृद्धिमा महिला सहभागिता



- आयोजना क्षेत्रका गाउं विकास समितिहरुवाट कृषि क्षेत्र तथा व्यवशायिक तरकारी खेती र कृषक समुह को विस्तारकालागि वजेट विनियोजन हुन सूरु भएको छ ।
- परियोजनामा संलग्न कृषकहरुले उत्पादन गरेको तरकारी दर्वाङ्ग, भ्फिं, तातोपानी, वेनी वजार, गलेश्वर सम्म तरकारी विक्रि भएको छ जसले वाह्य जिल्लावाट आउने तरकारीमा कमि आएको छ ।



➢ समुहहरुको संस्थागत विकास संगै कृषकहरुको मिलेमतोमा वृद्धि भई न्युन जग्गा हुने कृषकले समेत सामुहिक रुपमा जग्गा भाडामा लिई तरकारी खेती गर्न सुरु गरेका छन ।



➢ दिगोपन र आत्मनिर्भरकालागि कृषक समुहमा विउकोषको स्थापना भएको छ ।

➢ वजार र उपभोक्ताको माग अनुसार तरकारी खेती उत्पादन गर्न सुरु भएको छ । वाह्रै महिना ताजा तरकारी उत्पादन भै विक्रि वितरण भै रहेको छ जसले गर्दा म्याग्दी जिल्लाको स्थानीय वजार वावियाचौर, दर्वाङ्ग, गलेश्वर, तातोपानी, पात्लेखेतमा वाह्य जिल्लावाट आउने तरकारीको आयातमा ७० प्रतिशतले कमि आएको छ ।

➢ जिल्लाको कार्यक्षेत्रमा रहेका कृषकहरुको जिल्ला कृषि विकास कार्यालय, जिविस, सामुदायिक विकास कोष, गाउं विकास समिति, कृषि सेवा केन्द्र संग सम्पर्क समन्वयमा वृद्धि भएको छ ।

**उपसंहार :**

म्याग्दी जिल्लामा राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषको आर्थिक सहयोग र जिल्ला कृषि विकास कार्यालय म्याग्दीको प्राविधिक सहयोगमा संचालित व्यवशायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन भै सम्पन्न भएको छ । नितान्त कृषकहरुको मागको आधारमा तयार गरिएको आयोजना भएको हुंदा व्यापक रुपमा कृषकहरुको सक्रिय सहभागिता रहयो । आयोजनाको कार्यान्वयनमा जिल्ला कृषि विकास कार्यालय म्याग्दी, कृषि सेवा केन्द्र वावियाचौर र घतानको पूर्ण सहयोग रहयो । परियोजनाको कार्यान्वयनको सिलसिलामा राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषवाट समय समयमा अनुगमन गरी सहयोग पुगेको थियो भने चौमासिक वजेट निकासा समेत समयमा नै भएको हुंदा तोकिएको उपलव्धी हासिंल गर्न टेवा पुगेको थियो ।

स्थानीय गाविसहरु र गाविसमा संचालित सामुदायिक विकास कोष तथा सामुदायिक संस्थाहरुको समन्वय र प्रविधि विस्तारमा उल्लेख्य सहयोग पुगेको थियो ।

गठित समुहहरु जिल्ला कृषि विकास कार्यालयमा तरकारी उत्पादक समुहको रुपमा दर्ता भएका छन भने जिल्ला विकास समिति, गाउं विकास समिति र जिल्ला कृषि विकास कार्यालयले समेत सोहि समुहमा थप तरकारी खेती विस्तार सम्वन्धी क्रियाकलाप संचालन गर्न थालेका छन । जसले गर्दा कृषक समुहको दिगोपना र तरकारी खेतीको क्षेत्र र उत्पादन विस्तार हुंदै जाने देखिन्छ ।

सिफारिश (Recommendation)

- थोरै जमिन हुने कृषककोलागि व्यावशायिक तरकारी खेती प्रमुख वालीको रुपमा विकास गरी आम्दानी वृद्धि गर्न सकिने रहेछ ।
- प्लास्टिक हाउसमा गोलभेंडाकोलागि थिम्स १६ जातको गोलभेंडा लामो समय सम्म भण्डारण गर्न सकिने रहेछ जसले गर्दा वजार व्यवस्थापनकोलागि सहयोग पुग्ने रहेछ ।
- पाखोवारी जहां सिंचाईको अभाव छ त्यस ठाउंमा कार्तिक भित्र काउली वन्दा तरकारी उत्पादन गर्न सकिने रहेछ र सिंचाई वर्षादको पानीलाई व्यवस्थापन गरे पुग्ने रहेछ ।
- दैनिक भांडा धोएको पानी संकलनकोलागि जुठ्ल्यानो सुधार र भकारो सुधार गरी एकै ठाउंमा पानी संकलन गरे आफ्नो घरकोलागि ताजा तरकारी उत्पादन गर्न पानी तथा मलको मात्रा पुग्ने रहेछ ।
- विषयगत कार्यालय र गैर सरकारी संघ संस्थाको सहकार्य एवं समन्वयमा भएका काम प्रभावकारी हुने रहेछ ।
- स्थानीय प्रयासमा आधारित योजनामा थोरै प्रविधि विस्तारमा सहयोग पुऱ्याउदा अपेक्षित उपलव्धी सजिलै हांसिल गर्न सकिने उत्तम उपाय रहेछ ।
- तरकारी खेतीको प्रवर्द्धनकोलागि पुरुष कृषक भन्दा महिला कृषक दिगो र नियमित रुपमा लागिरहने रहेछन त्यसैले तरकारी खेती उत्पादनकालागि महिला कृषक समुह दिगो हुने रहेछ

अनुसूची : १

## सफलताको कथा

म्याग्दी जिल्ला वावियाचौर गा.विस रणवाङका युवा कृषक लक्षीन मल्लले ब्यावसायिक तरकारी खेती वाट सफलता हासिल गर्नूभएको छ । लामोसमय वैदेशिक रोजगारमा कृषि फममानै काम गरि आफ्नो गाउ फर्कनुभएका मल्लले विगत ३ वर्षदेखी ब्यवसायिक तरकारी खेतीमा गर्न थाल्नुभएको हो । विदेशमा गएर सिकेको अनुभवलाई आफ्नो गाउमा अनूसरण गर्ने क्रममै सोडक नेपाल पर्वत तथा कृषिविकाश कार्यालय म्याग्दीको सहायोग प्राप्त भएपछी उनि उल्लासका साथ यस पेशामा लागेका हुन् । १ छोरा र १ छोरीका पिता मल्ल पुन विदेशमा नगई गाउको सेवा गर्दै मौसमी तथा वेमौसमी तरकारी खेती मार्फत जिविकोपार्जन गर्दै आउनु भएको छ । मालिका कृषि सहकारी संस्था वावियाचौरका अध्यक्ष समेत रहुभएका मल्लले गत वर्ष देखी समुदायका अन्य छिमेकीलाई समेत संगठित गर्दै दिगोकृषिमा मार्फत आम्दानी गर्ने लक्ष्यका साथ अभियान संचालन गर्दै आउनुभएको छ । सोडेक नेपाल पर्वतले संचालन गरेको व्यवसायिक तरकारी खेती कार्यक्रम अन्तरगत उहांले जिल्ला कृषि विकाश कार्यालयको समेत सहयोगमा २० हात चौडाई तथा ४० हात लामो प्लाष्टिक घरमा वेमोषमी गोलभेडा तथा काक्रा उत्पादन गरि गत वर्ष ८५००० हजार आम्दानि गर्न सफल भएका छन् । सोचे भन्दा वढी आम्दानी भएपछि कृषक लक्षीन मल्ल अहिले पनि गोलभेडा खेती गरिरहेका छन् । तरकारी खेतीवाट आम्दानी हुन थाले पछि आफ्ना वालवालिकाहरुलाई स्थानीय वोडिङ स्कुलमा राम्रो शिक्षा दिएको उहांले वताउनु हुन्छ । लगनशिल रुपमा आफ्नो पेशामा लागेमा हामी विदेश कै भर नपरी आफ्नो माटोमा सुन फलाउन सकिन्छ भन्ने कुरा उहां वताउनु हुन्छ । उहांले यसरी प्लास्टिक घरमा गोलभेडा खेती गरेर मनग्य आम्दानी गर्न थाले पछि गाउका अन्य कृषकहरु समेत यसखेतीमा आकर्षित भएका छन् ।





अनुसूचि : २

| From: | | 2064 | To: | 2066 |
|---|---|---|---|---|
| Activiti No | Activities | Approved budget | Expenditure | Balance |
| १.१.१ | अभिमुखिकरण गोष्ठी | २०८६० | २०८६० | ० |
| १.१.२ | क्षेत्र छनौट तथा समुह गठन | २१२०० | २१२०० | ० |
| १.१.३ | सहभागितात्मक योजना तर्जुमा तथा कृषकहरुको आधारभूत तथ्याङ्क संकलन | ४५२०० | ४५२०० | ० |
| १.१.४ | गोठेमल सुधार/कम्पोष्टमल निर्माण तथा जैविक विषादी प्रवर्द्धन तालिम र अभियान संचालन | ७७८२० | ७७८२० | ० |
| १.१.५ | प्लास्टिक हाउसमा काक्रा तथा गोलभेंडा उत्पादन नमुना प्रर्दशन | १०९८०० | १०९८०० | ० |
| १.२.१ | उच्चमूल्य पर्ने व्यावशायिक तरकारी खेती प्रवर्द्धनकालागि फिल्ड अभ्यास तालिम | ६०९२०० | ६०९२०० | ० |
| १.२.२ | उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि वैकल्पिक सिंचाई | ५९३०० | ५९३०० | ० |
| १.२.३ | विउकोष स्थापना तथा व्यवस्थापन | ३३००० | ३३००० | ० |
| १.२.४ | अनुगमन, मुल्याङ्कन तथा प्राविधिक सहयोग | २०१७०० | २०१७०० | ० |
| २.१.१ | कृषक तथा व्यापारीहरुको अन्तरक्रिया | ५४१५० | ५४१५० | ० |
| २.१.२ | तरकारी संकलन केन्द्र निर्माण तथा व्यावस्थापन | ४३९०० | ४३९०० | ० |
| ३.१.१ | कृषक देखि किसान सम्म प्रविधि विस्तार | १३३५० | १३३५० | ० |
| ३.१.२ | जिल्ला स्तरिय समिक्षा वैठक | ५४६७५ | ५४६७५ | ० |
| ३.१.३ | वुलेटिन प्रकाशन र रेडियो कार्यक्रम | ११५९०० | ११५९०० | ० |
| ३.१.४ | कृषक दिवश | १३७०० | १३७०० | ० |
| ३.१.५ | अन्तिम प्राविधिक प्रतिवेदन | ६५२०० | ६५२०० | ० |
| | Sub Total | १५३८९५५ | १५३८९५५ | ० |
| | Overhead | २१५४५४ | २१५४५४ | ० |
| | Contingency | १५३९० | १५१०० | २९० |
| | Total | १७६९७९८ | १७६९५०९ | २९० |
| | Vat | २३००७४ | २३००३६ | ३८ |
| | Grand Total | १९९९८७२ | १९९९५४५ | ३२७ |

## अनुसूचि : ३

## आधारभूत तथ्याङ्क संकलन र अन्तिम मूल्यांकनमा आएको परिवर्तन

| क.स | कृषक समुहको नाम | कृषक संख्या | आयोजना सुरु हुनु पूर्वको अवस्था २०६४ श्रावणमा | | | | आयोजना संचालन भए पश्चात २०६६ फाल्गुणमा | | | | भएको उपलव्धी सुरुवात र अन्तिममा आएको परिवर्तन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | तरकारी खेती गरिएको क्षेत्रफल | तरकारी उत्पादन क्वी. | तरकारी विक्रीवाट आम्दानी | तरकारी विक्रिवाट प्रति व्यक्ति आम्दानी | तरकारी खेती गरिएको क्षेत्रफल | तरकारी उत्पादन क्वी. | तरकारी विक्रीवाट आम्दानी | तरकारी विक्रिवाट प्रति व्यक्ति आम्दानी | तरकारी खेती गरिएको क्षेत्रफलमा वृद्धि | तरकारी उत्पादनमा वृद्धि के.जी | तरकारी विक्रीवाट आम्दानीमा वृद्धि | तरकारी विक्रिवाट प्रति व्यक्ति आम्दानीमा वृद्धि |
| १ | सिमलचौर तरकारी समुह | २२ | ७ | १२ | ९१००० | ४१३६ | ४२ | ५१५ | ५०८००० | २३०९१ | ३५ | ५०३ | ४१७००० | १८९५५ |
| २ | लगनशिल तरकारी समुह | २२ | ८ | ९ | ११००० | ५०० | ४४ | ४९३ | ३४१२०० | १५५०९ | ३६ | ४८४ | ३३०२०० | १५००९ |
| ३ | वावियाचौर तरकारी समुह | २० | ४ | २५ | ३००० | १५० | ३९ | ५६० | ५८०००० | २९००० | ३५ | ५३५ | ५७७००० | २८८५० |
| ४ | नमुना तरकारी समुह | २० | ११ | ८० | १४५०० | ७२५ | ४१ | ४९५ | ५५८५०० | २७९२५ | ३० | ४१५ | ५४४००० | २७२०० |
| ५ | दुखुखोला तरकारी समुह | २० | ३ | ३० | ६५०० | ३२५ | ३७ | ३६५ | २६६६०० | १३३३० | ३४ | ३३५ | २६०१०० | १३००५ |
| ६ | जनचेतना तरकारी समुह | १८ | ९ | ७६ | ५७०० | ३१६.७ | ४२ | २८६ | १६६२०० | ९२३३ | ३३ | २१० | १६०५०० | ८९१७ |
| ७ | हरीयाली तरकारी समुह | २० | ११ | १३ | १६००० | ८०० | ४१ | ३९८ | ४३१२०० | २१५६० | ३० | ३८५ | ४१५२०० | २०७६० |
| ८ | अर्गानिक तरकारी समुह | २२ | ८ | ९ | १०४०० | ४७२.७ | ४६ | २७६ | १५०५०० | ६८४१ | ३८ | २६७ | १४०१०० | ६३६८ |
| | **जम्मा** | १६४ | ६१ | २५४ | १५८१०० | ९६४ | ३३२ | ३३८८ | ३००२२०० | १८३०६ | २७१ | ३१३४ | २८४४१०० | **१७,३४२** |

अनुसूचि : ४

कृषक समुहद्धारा संस्थालाई कार्यक्रम समापनमा गरेको विदाईमा दिएको चिनो ।




विदाईमा मायाको चिनो

